नेपाल सरकार
कृषि तथा पशुपंछी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
दाङ

## परियोजना जोन/सुपरजोनमा आवद्ध हुने सूचना

**प्रथम पटक प्रकाशीत मिति ०८०।५।६**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन इकाइ दाङको आ.व.८०।८१ को बिभिन्न कार्यक्रममा समावेश हुनको लागी मकै सुपरजोन क्षेत्र (लमही नगरपालिका,राप्ती गाउँपालिका, राजपुर गाउँपालिका र गढवा गाउँपालिका) तोरी जोन क्षेत्र (तुल्सीपुर उ.म.न.पा. १ र २, दंगिशरण गाउँपालिका, शान्तीनगर गाउँपालिका र बबई गाउँपालिका) र मौरी जोन क्षेत्रका (घोराही उ.म.न.पा. तुल्सीपुर उ.म.न.पा. र बंगलाचुली गाउँपालिका) गत आ.व. सम्म मा समावेश नभएका ईच्छुक कृषक समूह, कृषि सहकारी, कृषक उद्यमी, जल उपभोक्ता समिति र कृषि कम्पनीहरुले तोकिएको बाली वस्तुको जोन/सुपरजोन भित्र रहि कार्यक्रम संचालन गर्ने गरी तपशिल बमोजिमका आवश्यक बिवरण।कागजात सहित प्रथम पटक प्रकाशित मिति २०८०।०५।६ वाट ३० दिन ०८०।६।५ गते भित्र परियोजना कार्यान्वयन इकाई, लमही (रातो डाँडा) दाङमा वा सम्पर्क कार्यालय घोराही, तुल्सीपुरमा इच्छापत्र पेश गर्न हुन सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१.कृषक समूह, कृषि सहकारी, कृषक उद्यमी, जल उपभोक्ता समिति र कृषि कम्पनी मकै सुपरजोन/तोरी जोन/मौरी जोनमा सम्बन्धित बालीको उत्पादन,प्रशोधन तथा बजारिकरण सम्वन्धि कार्यमा संलग्न रहेको हुनुपर्ने छ ।

२.कृषक समूह तथा सहकारी तथा उधमीहरुले कार्यक्रममा सहभागिताको प्रतिबद्धता सहितको निर्णय प्रतिलिपी पेश गर्नेपर्ने छ ।

३.कृषक समूह, कृषि सहकारी, कृषक उद्यमी, जल उपभोक्ता समिति र कृषि कम्पनीले भाडाँमा जग्गा लिई खेती गरिराखेको वा गर्न चाहाने हो भने भाडाँमा लिएको कम्तीमा ५ वर्षको संझौता पत्र पेश गर्नुपर्ने छ ।

४.कृषक समूह, कृषि सहकारी, कृषक उद्यमी, जल उपभोक्ता समिति र कृषि कम्पनीहरुको आधिकारीक दर्ता प्रमाणपत्रको प्रतिलिपि नविकरण भएको, कर तिरेको, लेखा परिक्षण भएको प्रतिलिपि पेश गर्नुपर्ने छ ।

५.कार्यक्रममा समावेश हुन चाहाने कृषक समूह, कृषि सहकारी, कृषक उद्यमी, जल उपभोक्ता समिति र कृषि कम्पनीहरुको स्थान खुल्ने गरि लालपूर्जा र नागरिकताको प्रतिलिपी, विधानको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

६. सम्बन्धी स्थानीय तह वा वडा कार्यालयको सिफारिसपत्र पेश गर्न पर्ने छ ।

७. निवेदनमा रु. १० को टिकट टाँस गर्नुपर्ने छ ।

**मकै कृषकहरुको लागि भर्न पर्ने फारम**

| क्र.स. | आवद्ध हुन निबेदन पेश गर्ने समूह /सहकारी, कृषि उद्मको नाम | आवद्ध कृषकहरूको नाम | ठेगाना र सम्पर्क नं | बाली प्रणाली (वर्ष भरी गरिने खेती उल्लेख गर्ने क्रमैसंग) | खेती गरेको जमिन कठ्ठामा | मकै बाली लगाउने क्षेत्रफल कठ्ठामा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**तोरी कृषकहरुको लागि भर्न पर्ने फारम**

| क्र.स. | आवद्ध हुन निबेदन पेश गर्ने समूह /सहकारी, कृषि उद्मको नाम | आवद्ध कृषकहरूको नाम | ठेगाना र सम्पर्क नं | बाली प्रणाली (वर्ष भरी गरिने खेती उल्लेख गर्ने क्रमैसंग) | खेती गरेको जमिन कठ्ठामा | तोरी बाली लगाउने क्षेत्रफल कठ्ठामा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**मौरी जोन क्षेत्रका कृषकहरुको लागि**

| क्र. स. | आवद्ध हुन निबेदन पेश गर्ने ब्यबसायिक मौरि पालक समूह /सहकारी, कृषि उद्योग/फर्मको नाम | आवद्ध कृषकहरुको बिबरण नाम | ठेगाना/सम्पर्क नं | घार संख्या | | वार्षिक उत्पादन केजी | मौरी चरणको लागि लैजाने स्थानहरु | मह बिक्री स्थान/उद्योग वा अन्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | | मेलिफेरा | सेरेना | उत्पादन | | |
| | | | | | | | | |

महेश रेग्मी
वरिष्ठ कृषि अधिकृत

बिस्तृत जानकारीको लागि परियोजना कार्यान्वयन इकाइ, दाङमा सम्पर्क राख्नुहोला । सम्पर्क नम्वर ०८२-४१७०७० ।

प्रधानमन्त्री कृषिआधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई दाङ